# सौर्य दर्शक:

## प्रयोग गर्ने बिधिहरू




**पूर्ण सुर्य ग्रहण**

*सोमबार, ८ अप्रिल २०२४*

*© 2014-2024*
*Eclipse2024.org*

# TERMS AND CONDITIONS FOR USE OF ECLIPSE GLASSES

**Please read these Instructions for Use carefully before using the Eclipse Glasses. Your purchase and use of the Eclipse Glasses constitutes your agreement to these Terms and Conditions. Failure to follow these Instructions for Use may result in serious personal injury, including permanent eye damage. If you do not understand these Instructions or cannot follow them diligently and completely, then you should not look at the Sun at any time, with or without the Eclipse Glasses.**

The term “Eclipse Glasses” refers to the special cardboard-and-polymer optical products, marked “ISO 12312-2” and “SAFE FOR DIRECT SOLAR VIEWING”, manufactured by Rainbow Symphony of Reseda CA or American Paper Optics of Bartlett TN, and sold by Eclipse2024.org for the purpose of viewing the Sun during the solar eclipse of April 8, 2024, by or under the direct supervision of a person 18 years of age or above and in accordance with these Instructions for Use.

Observing the Sun directly, without the benefit of eye protection provided by the Eclipse Glasses, will likely result in serious personal injury, up to and including permanent eye damage and blindness. When these Instructions for Use are followed completely and precisely, the undamaged and unmodified Eclipse Glasses have been proven to be safe and effective in allowing direct, short-term viewing of the Sun. If these Instructions for Use are not followed, or if damaged or modified Eclipse Glasses are used, permanent eye injury could result.

You should never look directly at the Sun, with or without the aid of the Eclipse Glasses, if you have any temporary or permanent medical or other condition which either (1) prevents your use of the Eclipse Glasses according to these Instructions for Use, or (2) which predisposes you to an increased or special risk of incurring, worsening, or contributing to the effects of any optical condition, or other medical, health, or other condition, by looking or attempting to look at the Sun.

You should never attempt to perform any other activity (such as driving or walking) while using the Eclipse Glasses.

You agree that if you allow others to use the Eclipse Glasses, you will provide each such user with a copy of these Instructions for Use and will make sure such user reads and understands the Instructions for Use before using the Eclipse Glasses.

By using the Eclipse Glasses to view the Sun, you agree with the following:

(a) you understand these Instructions for Use completely;
(b) you understand and accept the risks associated with improper use of the Eclipse Glasses;
(c) you accept full responsibility for, and assume all risks associated with, the act of viewing the Sun, with or without the use of the Eclipse Glasses; and
(d) the Eclipse Glasses are fragile, and any damage or modification will render them immediately and permanently unusable for their intended purpose.

<u>Release and Limitation of Liability</u>

By way of purchasing and using the Eclipse Glasses, you are irrevocably releasing, indemnifying, and holding harmless the manufacturer and seller from any liability, loss, claim and expense (including attorney’s fees), including but not limited to bodily injury or other personal harm, which may result from using the Eclipse Glasses under any circumstances or conditions and irrespective of jurisdiction. Neither the manufacturer nor the seller will be responsible for any damages of any kind, irrespective of reasons, conditions or circumstances, including malfunctioning of the Eclipse Glasses. All risks associated with using the Eclipse Glasses rest solely and entirely with the user, irrespective of whether the Eclipse Glasses are used by the original purchaser or any third party. You fully understand and assume the risks in using the Eclipse Glasses. You confirm that you have read this release of liability and fully understand its terms and that you have given up substantial rights by purchasing and using the Eclipse Glasses.

THE MANUFACTURER AND SELLER OF THE ECLIPSE GLASSES MAKE NO WARRANTY OF ANY KIND, EXPRESSED OR IMPLIED, WITH RESPECT TO THE ECLIPSE GLASSES, INCLUDING BUT NOT LIMITED TO THE IMPLIED WARRANTIES OF MERCHANTABILITY, FITNESS FOR A PARTICULAR PURPOSE, AND NON-INFRINGMENT. NEITHER THE MANUFACTURER NOR THE SELLER SHALL BE LIABLE FOR ANY OTHER DAMAGES, INCLUDING BUT NOT LIMITED TO DIRECT, INDIRECT, INCIDENTAL, SPECIAL, CONSEQUENTIAL, OR EXEMPLARY DAMAGES, WHETHER IN AN ACTION IN CONTRACT OR TORT (INCLUDING NEGLIGENCE AND STRICT LIABILITY), SUCH AS, BUT NOT LIMITED TO, LOSS OF ANTICIPATED PROFITS OR BENEFITS RESULTING FROM, OR ARISING OUT OF, OR IN CONNECTION WITH THE USE OR FURNISHING OF THE ECLIPSE GLASSES OR THE PERFORMANCE, USE OR INABILITY TO USE THE SAME, EVEN IF THE MANUFACTURER OR SELLER HAS BEEN ADVISED OF THE POSSIBILITY OF SUCH DAMAGES. IN NO EVENT WILL THE MANUFACTURER’S OR SELLER’S TOTAL LIABILITY EXCEED THE PRICE PAID FOR THE PRODUCT.

<u>Note Regarding Translations</u>

Translations of these Instructions for Use into various languages are provided “AS-IS” and solely for the convenience of the reader. Eclipse2024.org has made reasonable efforts to ensure the accuracy of the Translations; however, in the event of any perceived discrepancy in meaning or interpretation between the English version and any Translation, the English version will prevail. You should not act in reliance on anything contained in any Translation of these Instructions for Use, but should refer to the official English version.


*© 2014-2024 Eclipse2024.org*


# पूर्ण सुर्यग्रहण – सोमबार, ८ अप्रिल २०२४

**उतरी अमेरिकामा स्वागत छ!**

पूर्ण सुर्यग्रहण हेर्नको लागि तपाईहरुले हाम्रो देशलाई रोज्नु भएकोमा हामी सम्मानित भएका छौं, र हामी प्रत्येकले यस भब्य घटनालाई सुरक्षित ढंगले हेर्न सफल होउन् भनी चाहन्छौं !

*हामी तपाईको सुबिधाको लागि यी निर्देशहरु नेपालीमा उपलब्ध गराउँदै छौं | अंग्रेजी संस्करणका यी निर्देशहरु, निर्देशनहरु र अस्विकरणहरु ("निर्देशहरु"), सुर्यको प्रत्यक्ष दर्शनको लागि सौर्य दर्शकको उपयुक्त र सहि प्रयोगको लागि जानकारी र मार्गदर्शनको पूर्ण श्रोत हो | निर्देशहरु https://tinyurl.com/2024Instructions मा उपलब्ध छन्, र सौर्य दर्शक प्रयोग गर्नको लागि यसलाई पढ्न, बुझ्न र पालना गर्न आवश्यक छ |* ***निर्देशहरुको पालना गर्नमा चूक भए गम्भीर ब्यक्तिगत क्षति हुन सक्ने छ |***

खगोल बैज्ञानिकहरु अप्रिल ८, २०२४ को ग्रहणलाई एउटा "पूर्ण ग्रहण" भन्छन्, तर यसको सम्पूर्णता हेर्न, तपाई उतरी अमेरिकालाई पार गर्ने ("सम्पूर्णता पथ" भनिने) एउटा साँघुरो भूभागको खण्डमा स्थित हुन आवश्यक छ | यदि तपाई यस पथमा हुनु हुन्न भने, तपाई आंशिक ग्रहण मात्र देख्न सक्नु हुन्छ! त्यस कारण, तपाई सम्पूर्णताको पथमा हुनु हुन्छ कि हुन्न भनि बुझ्न अत्यन्त आवश्यक छ, र तपाईलाई उपयोगको बिधि चांडै नै बुझाइने छ |



*सम्पूर्णताको पथ*

## द्रूत-आरम्भ मार्गदर्शन

## बिस्तृत निर्देशहरू

यो शब्द "सौर्य दर्शक"लाई, यस कागजपत्रमा प्रयोग गरिए अनुरुप, "Eclipse Glasses" को प्रतिनिधित्व गर्नको लागि प्रयोग गरिएको छ, जसको पहिलो पृष्ठको अंग्रेजी अस्विकरणमा उल्लेख, र यस कागजपत्रमा अन्यत्र ठाउँहरुमा गरिएको छ |

घामलाई हेर्नको लागि तपाईले सौर्य दर्शकको प्रयोग गर्नुले एउटा कानूनी अनुबन्ध स्थापित गर्दछ | कुनै पनि समयमा सौर्य दर्शकको उपयोग गर्नको लागि, तपाईले सहि ढंगले र पूर्ण तरिकाले निर्देशहरु भित्र समाहित सबै अनुदेशहरु र निर्देशनहरुको पालना गर्नु पर्ने छ | यदि तपाईले निर्देश बुझ्नु हुन्न भने, अथवा तपाई यसको पूर्ण रुपले अथवा सहि ढंगले पालना गर्न सक्नु हुन्न भने, अथवा यदि तपाई सर्तहरु संग सहमत हुनु हुन्न भने, तपाईलाई कुनै पनि समयमा, कुनै पनि बिधिको प्रयोग गरेर, घामलाई हेर्ने प्रयास न गर्नु होस् भनि निर्देश र सल्लाह दिइन्छ |

© 2016-2024
Eclipse2024.org

# सौर्य दर्शक द्रुत-आरम्भ मार्गदर्शन

*यो द्रुत-आरम्भ मार्गदर्शन नेपालीमा दिइएको बिस्तृत निर्देशहरुको संग्रहबाट संक्षिप्तमा लिइएको छ। ग्रहण हेर्नको लागि सौर्य दर्शकको प्रयोग गर्नलाई तपाईले यसलाई पढ्नु, बुझ्नु र पूर्ण रूपले पालना गर्नु आवश्यक छ।*

**१) eclipse2024.org/find-times मा आफ्नो स्थानलाई खोज्नु होस् र त्यहाँ ग्रहण सम्पूर्ण हुने छ कि छैन, र साथै त्यस स्थानको लागि आंशिक अथवा पूर्ण चरणहरु (यदि लागु भए) को अनुमानित सम्पर्क समय के हुने छ पत्ता लगाउनु होस् |**

**२) पूर्ण सुर्यग्रहण एउटा अत्यन्त सानदार घटना हो, तर सम्पूर्णताको अनुभबको आनंद तपाई तब मात्र लिन सक्नु हुन्छ यदि तपाई "सम्पूर्णताको पथ" अन्तर्गत स्थित हुनु हुन्छ – जुन केवल लगभग दुई सय किलोमीटर चौडा छ | यदि सम्पूर्णता तपाईको योजनाबद्ध स्थानबाट देखिन्दैन, भने हामी तपाईलाई दृढतापूर्बक सल्लाह दिन्छौं कि तपाई सम्पूर्णताको पथ भित्र स्थित कुनै पनि स्थानमा सुर्यग्रहण हेर्नको लागि स्थानान्तरित हुनु होस् !**

**३) ग्रहण हेर्नलाई सौर्य दर्शकको उपयोग गर्नको लागि, सौर्य दर्शकको लेन्सलाई प्रत्यक्ष आफ्नो आँखाको ठिक अगाडी लिनुहोस् ताकि घामलाई हेर्दा खेरि आफ्ना आँखाहरु पूर्ण रूपले सुरक्षित रहोस् |**

**४) घामलाई हेर्दा खेरि सौर्य दर्शकको प्रयोग कहिले गर्ने:**

**क. यदि ग्रहण तपाईको स्थानमा पूर्ण छैन भने, सबै समयमा यसलाई सौर्य दर्शकको माध्यमबाट मात्र हेर्नु होस् | उपयुक्त नेत्र सुरक्षा बिना घामलाई प्रत्यक्ष हेर्नाले तपाईको आँखालाई स्थाई हानीको जोखिम हुन्छ !**

**ख. यदि तपाईको स्थानमा सम्पूर्ण ग्रहण हुन्छ भने, घामको चक्रको कुनै पनि चम्किलो अंश जब देखिन्छ, तपाई सौर्य दर्शकको माध्यमबाट मात्र हेर्नु होस् - चाहे त्यो अत्यन्त सानो अंश मात्र किन न होस् | यदि तपाई यस निर्देशको पालना गर्न असफल हुनु हुन्छ भने, तपाईको आँखालाई स्थाई हानीको जोखिम हुने छ !**

i. **तैपनि, सम्पूर्णताको छोटो अन्तरालको समय मै, जब घामको चम्किलो चक्रको कुनै अंश देखिन्दैन, तपाई सौर्य दर्शकको उपयोग न गरिकन पूर्ण ग्रहण प्रत्यक्ष हेर्नु होस् |**

ii. **बास्तबमा, यदि तपाईले सम्पूर्णताको समयमा सौर्य दर्शकको प्रयोग गरेर घाम तर्फ हेर्ने प्रयास गर्नु भयो भने, तपाईले केहि पनि देख्नु हुन्न !**

iii. **सम्पूर्णता समाप्त हुने बित्तिकै, जब घामको चक्रको चम्किलो अंश फेरी देखिन शुरु हुन्छ, तपाईले सौर्य दर्शक फेरी प्रयोग गर्नु पर्छ|**

**५) अर्को शब्दमा,**

**जब घामको चम्किलो चक्रको कुनै पनि अंश देखिन्छ, घामलाई हेर्नको लागि तपाईले सौर्य दर्शक प्रयोग गर्नु जरुरी छ !**

© 2016-2024
Eclipse2024.org

# सौर्य दर्शकको प्रयोग सम्बन्धि बिस्तृत निर्देशहरु

सर्बप्रथम, केहि शब्दावलीहरु छन् जुन तपाईले बुझ्नु आवश्यक छ !

प्रत्येक ग्रहणको लागि, र पृथ्बीको प्रत्येक स्थानको लागि, कुनै महत्वपुर्ण घटनाहरुको समयलाई शिर्षक दिइएको छ |
ती यस प्रकार छन्:

| घटनाको शिर्षक | घटनाको बिबरण | यो कस्तो देखिन्छ (पूर्ण ग्रहणको लागि) | यो कस्तो देखिन्छ (आंशिक ग्रहणको लागि) |
|---|---|---|---|
| **C1** | **आंशिक चरणको शुरुवात** |  |  |
| **C2** | **सम्पूर्णताको शुरुवात** |  | ** घटित हुँदैन! ** |
| **मध्य-ग्रहण** | **ग्रहणको मध्य-बिन्दु** |  |  |
| **C3** | **सम्पूर्णताको अन्त** |  | ** घटित हुँदैन! ** |
| **C4** | **आंशिक चरणको अन्त** |  |  |

© 2016-2024
Eclipse2024.org

# *१) सौर्य दर्शकको प्रयोगको लागि सामान्य निर्देशहरु*



१) *[यदि लागू भए] सौर्य दर्शकको प्याकिंगलाई ध्यानपूर्बक खोल्नु होस् |*

२) *उपयोगमा न हुँदा सौर्य दर्शकलाई सुरक्षित राख्नु होस् |*

३) *प्रत्येक पल्ट प्रयोग अघि सौर्य दर्शकको निरीक्षण गर्नु होस्; यदि कुनै पनि प्रकारले लेन्सको फिल्म (पर्दा) मा क्षति भएको अथवा मुजा परेको भए, त्यस सौर्य दर्शकलाई काट्नु होस् र नष्ट गर्नु होस्, र एउटा क्षति नभएको प्रतिस्थापन प्राप्त गर्नु होस् |*

४) यदि कुनै पनि प्रकारले लेन्स फिल्म (पर्दा)मा क्षति भए, कुनै पनि समयमा घामलाई हेर्न यस सौर्य दर्शकको प्रयोग न गर्नु होस् |

५) सौर्य दर्शकबाट लेन्स फिल्म (पर्दा)को पदार्थ न हटाउनु होस्, र कुनै पनि प्रकारले घामलाई हेर्न निकालिएको यस लेन्स फिल्म (पर्दा)को पदार्थको प्रयोग न गर्नु होस् |

६) सहि तरिकाले जडेको, क्षति न भएको सौर्य दर्शकका लेन्सहरुले देखिने किरणको जोखिम पूर्ण स्तरहरुलाई, साथै हानिकारक पराबैङ्गनी र अरु सौर्य किरणलाई सुरक्षित ढंगले छेक्ने छ | त्यसकारणले कुनै पनि समयमा, यी निर्देशहरुद्वारा प्रदान गरिएको मार्गदर्शन अनुसार यस सौर्य दर्शकलाई प्रयोग गर्न पूर्ण रूपले सुरक्षित छ | यस्तो कुनै बिशेष "ग्रहण किरणहरु" छैनन् जसले ग्रहणको समयमा घामलाई हेर्न धेरै अथवा कम हानिकारक बनाउँछ |

**७) जब घामको चम्किलो चक्रको कुनै पनि अंश देखिन्छ तब घामलाई सुरक्षित रूपले हेर्न तपाईले सौर्य दर्शकको प्रयोग, यहाँ बर्णन गरिए अनुसार, गर्नु होस् | यो साँचो हो चाहे तपाइले जुन सुकै श्रोतबाट, जुनसुकै ग्रहण सम्पर्क समयहरु (जस्तै, माथि बर्णन गरिए अनुसार "C२" र "C३") अभिलेखित गर्नु भएको छ |**

८) सौर्य दर्शकलाई कुनै पनि टेलिस्कोप, दुर्बिन, क्यामेरा, लेन्स, आइना, अथवा कुनै अरु प्रकाशीय उपकरण, यन्त्र अथवा बस्तु जसले प्रकाश प्रसारित अथवा प्रतिबिम्बित ("प्रकाशीय उपकरण") गर्ने बस्तुहरुसंग संयोजन गरी प्रयोग न गर्नु होस् |

९) यस्ता प्रकाशीय उपकरणलाई घाम तिर अथवा घाममा न तेर्साउनु होस्, र कहिल्यै पनि प्रत्यक्ष घामको प्रतिमा हेर्नको लागि कुनै प्रकाशीय उपकरणको प्रयोग न गर्नु होस्, जुन घाम तिर तेर्सिएको अथवा घामको प्रकाश जुटाएर, केन्द्रित गरेर अथवा घामको प्रकाशलाई पुन:प्रेषित गर्दछ |

१०) जनावरद्वारा सौर्य दर्शकको प्रयोग गर्न, अथवा अस्थायी रूपले अपाङ्ग भएको, सौर्य दर्शकलाई सुरक्षित उपयोग गर्न चाहिने आवश्यकताहरुलाई पढ्न, बुझ्न र पालना गर्न, अथवा उनीहरुको आफ्नो क्रिया फलस्वरूप हुने परिणामहरुको जिम्मेवारी कानूनी रूपले स्वीकार गर्न असक्षम ब्यक्तिहरुलाई, अनुमती न दिनु होस् |



११) सौर्य दर्शक प्रयोग गर्नको लागि:
सौर्य दर्शकलाई तपाईको आँखा र घामको बीचमा राख्नु होस्, र सौर्य दर्शकको क्षति न भएको लेन्स पदार्थको माध्यमले घाम तिर हेर्नु होस्, आफ्नो आँखा र घामको बीचमा सँधै सौर्य दर्शकको लेन्स पदार्थलाई राख्नु होस् | यदि सौर्य दर्शक कडा कागजको चस्माहरुको आकार मा भए, तपाई यस सौर्य दर्शकलाई पारम्परिक चस्माहरु झैं मोड्न सक्नु हुन्छ | सौर्य दर्शकको क्षति न भएको लेन्सको माध्यम बिना, ग्रहण सम्पूर्णतामा न हुँदा कहिल्यै प्रत्यक्ष न हेर्नु होस् (जो कि, यदि यी समयहरु तपाईको हेर्ने स्थानमा लागु भए, निम्नलिखित सूचीमा देख्नु हुने C२ र C३ बीचको समयहरुको दौरान हुने छ)|

१२) घामलाई हेर्ने प्रयासमा आँखाको सुरक्षा गर्नको लागि सौर्य दर्शकको धारक भित्र रहेका लेन्सहरु, जो मूलरूपले निर्माण गरिएको बाहेक अन्य सामग्री अथवा बस्तुहरुको प्रयोग न गर्नु होस् |

१३) यदि तपाईलाई यी निर्देशहरुको सन्दर्भमा कुनै पनि प्रश्नहरु छन् भने, कृपया Eclipse2024.org लाई https://tinyurl.com/glasses-questions मा सम्पर्क गर्नु होस् |

*© 2016-2024*
*Eclipse2024.org*

## *२) तपाईको स्थानको लागि बिशेष ग्रहण घटना समयहरु जान्नु होस्*

तपाईको स्थानको लागि eclipse2024.org/find-times मा प्रदान गरिएको जानकारीको आधारमा, निम्न बिबरण पुरा गर्नु होस्:

### *मेरो स्थानको लागि, ग्रहण:*

| | |
|---|---|
| पूर्ण ग्रहण छ | पूर्ण ग्रहण छैन |

*(एकमा घेरा लगाउनु होस्)*

| | |
|---|---|
| **यदि तपाईको स्थानमा ग्रहण पूर्ण छ भने,**<br>**"मेरो स्थानमा ग्रहण पूर्ण छ"**<br>**अन्तर्गत सम्मिलित निर्देशहरुको पालना गर्नु होस्**<br>**अनुच्छेद तल:** | **यदि तपाईको स्थानमा ग्रहण पूर्ण छैन भने,**<br>**"मेरो स्थानमा ग्रहण पूर्ण छैन"**<br>**अन्तर्गत सम्मिलित निर्देशहरुको पालना गर्नु होस्**<br>**अनुच्छेद तल:** |

*© 2016-2024*

## ** मेरो स्थानमा ग्रहण पूर्ण छ **

तपाई सम्पूर्णताको पथमा हुनु हुन्छ, र तपाईले एउटा दुर्लब र अद्भूत घटनाको अनुभब गर्नु हुने छ! तपाईको स्थानमा ग्रहण कहिले सम्पूर्णतामा हुने छ यो बुझ्नु अत्यन्त महत्वपुर्ण छ | तल उल्लेखित समयहरु हेरेर तपाई यस्तो गर्न सक्षम हुनु हुनेछ, र त्यसकारण पनि किनकि त्यहाँ सम्पूर्णताको दौरान घामको चक्रको चम्किलो अंश देखिने छैन |

१) तपाईको निश्चित स्थानको लागि eclipse2024.org/find-times द्वारा प्रदान गरिएको जानकारीको आधारमा, तल उल्लेखित प्रत्येक ग्रहणको घटनाको लागि लगभग समयहरु लेख्नु होस् (आफ्नो समय क्षेत्रको लागि समय मिलाउन न बिर्सिनु होस्!):

| | | | | | |
|---|---|---|---|---|---|
| C1 अगाडी | * कुनै ग्रहण छैन * | |  |  | तपाईले सौर्य दर्शक प्रयोग गर्नु जरुरी छ |
| C1 | आंशिक चरणको सुरुवातको समय: | |  |  | तपाईले सौर्य दर्शक प्रयोग गर्नु जरुरी छ |
| C2 | सम्पूर्णता चरणको सुरुवातको समय: | |  |  | C2 पछि, तपाई नाङ्गो आँखाले अबलोकन गर्न सक्नु हुन्छ |
| मध्य-ग्रहण | घट्ने समय: | |  |  | **तपाई नाङ्गो आँखाले अबलोकन गर्न सक्नु हुन्छ !** |
| C3 | सम्पूर्णता चरणको समाप्तिको समय: | |  |  | तपाईले सौर्य दर्शक पुन: प्रयोग गर्नु जरुरी छ |
| C4 | आंशिक चरणको समाप्तिको समय: | |  |  | तपाईले सौर्य दर्शक प्रयोग गर्नु जरुरी छ |
| C4 पछि | * कुनै ग्रहण छैन * | |  |  | तपाईले सौर्य दर्शक प्रयोग गर्नु जरुरी छ |

२) तपाई सम्पूर्णताको पथ अन्तर्गत स्थित हुनु भएता पनि, C२ सुरु हुनु अगाडी अथवा C३ पछाडी सबै समयमा, जब ग्रहण पूर्ण छैन घामलाई हेर्न सौर्य दर्शकको प्रयोग गर्नु अनिबार्य छ |

© 2016-2024
Eclipse2024.org

३) तपाई नाङ्गो आँखाले घामलाई प्रत्यक्ष अबलोकन गर्न सक्नु हुन्छ (सौर्य दर्शकको प्रयोग बिना) मात्र जब:

क. जब तपाईको स्थानमा ग्रहण पूर्ण छ (तपाई "सम्पूर्णताको पथमा हुनु हुन्छ"), र

ख. सम्पूर्णताको समयको अन्तरालमा (तपाईले माथि उल्लेख गर्नु भएको स्थानको लागि लगभग C२ देखि C३ सम्मको समयाबधिको अन्तरालमा), र

**ग. जब घामको चम्किलो चक्रलाई पूर्णत: चन्द्रमाले ढाक्छ |**

सम्पूर्णताको बास्तविक समय तपाईको सटिक स्थान माथि निर्भर गर्दछ र हरेक स्थानको लागि धेरै भिन्न हुने छ, र त्यसकारण पहिल्यै तपाईले अनुमानित समयहरुको पहिचान र अभिलेख राख्नु पर्दछ | माथि अभिलेखित समय अनुमानित हो !

४) एक पटक फेरी, माथि सुचीमा उल्लेखित समयहरु जे सुकै भएता पनि, अथवा कुनै बाहिरी श्रोतबाट जम्मा गरिएता पनि, जब घामको चम्किलो चक्रको **कुनै पनि अंश** देखिन्छ घामलाई हेर्न सँधै सौर्य दर्शकको प्रयोग गर्नु पर्ने छ |

५) बुझ्नमा सहायताको लागि यी निर्देशहरुलाई ब्यख्यात्मक चित्रहरुका साथ प्रदान गरिएको छ |

---

*निम्न लिखित बिबरणलाई तपाईले पढ्नु, बुझ्नु र त्यसको पालना गर्नु जरुरी छ:*

**सौर्य दर्शकलाई सुरक्षित ढंगले प्रयोग गर्नको लागि मैले यसको उपयोग सम्बन्धि सबै निर्देशहरुको पालना गर्नु जरुरी छ |**

**यदि घामको चम्किलो चक्रको कुनै पनि अंश देखिएको छ भने, मैले घामलाई हेर्न सौर्य दर्शकको प्रयोग गर्नु जरुरी छ |**

© 2016-2024

## ** मेरो स्थानमा ग्रहण पूर्ण छैन **

तपाई सम्पूर्णताको पथमा हुनु हुन्न, त्यसैले तपाईले पूर्ण ग्रहणको सुन्दरताको अनुभव लिन सक्नु हुने छैन | (हामी बिशेष रूपले सल्लाह दिन्छौं कि तपाई यस उल्लेखनीय अनुभवको आनन्द उठाउन आफूलाई सम्पूर्णताको पथ अन्तर्गत पुनर्स्थापित गर्नु होस् !)

१) तपाईको निश्चित स्थानको लागि eclipse2024.org/find-times द्वारा प्रदान गरिएको जानकारीको आधारमा, तल उल्लेखित प्रत्येक ग्रहणको घटनाको लागि लगभग समयहरु लेख्नु होस् (आफ्नो समय क्षेत्रको लागि समय मिलाउन न बिर्सिनु होस्!):

| | | | | | |
|---|---|---|---|---|---|
| ***C1 अगाडी*** | * कुनै ग्रहण छैन * | |  |  | तपाईले सौर्य दर्शक प्रयोग गर्नु जरुरी छ |
| **C1** | **आंशिक चरणको सुरुवातको समय:** | |  |  | तपाईले सौर्य दर्शक प्रयोग गर्नु जरुरी छ |
| ***मध्य-ग्रहण*** | **घट्ने समय:** | |  |  | तपाईले सौर्य दर्शक प्रयोग गर्नु जरुरी छ |
| **C4** | **आंशिक चरणको समाप्तिको समय:** | |  |  | तपाईले सौर्य दर्शक प्रयोग गर्नु जरुरी छ |
| ***C4 पछि*** | * कुनै ग्रहण छैन * | |  |  | तपाईले सौर्य दर्शक प्रयोग गर्नु जरुरी छ |

*( याद राख्नु होस् कि तपाईको स्थानमा ग्रहण सम्पूर्णतामा छैन त्यसैले C२ र C३ समयको सुची छैन ! )*

२) **तपाईको स्थानमा ग्रहण सम्पूर्णतामा छैन त्यसैले घामलाई अबलोकन गर्न सँधै सौर्य दर्शकको प्रयोग गर्नु आवश्यक छ |** साथै, हामी सल्लाह दिन्छौं कि तपाई सम्पूर्णताको पथ अन्तर्गत जानुहोस् | सौर्य दर्शक आफु संगै लिएर जान न बिर्सिनु होस्, ताकि तपाई ग्रहणको आंशिक चरणहरुको अबलोकन सुरक्षित ढंगले गर्न सकौं !

३) बुझ्नमा सहायताको लागि यी निर्देशहरुलाई ब्यख्यात्मक चित्रहरुका साथ प्रदान गरिएको छ |

---

*निम्न लिखित बिबरणलाई तपाईले पढ्नु, बुझ्नु र त्यसको पालना गर्नु जरुरी छ:*

**सौर्य दर्शकलाई सुरक्षित ढंगले प्रयोग गर्नको लागि मैले यसको उपयोग सम्बन्धि सबै निर्देशहरुको पालना गर्नु जरुरी छ |**

**मैले घामलाई हेर्न सँधै सौर्य दर्शकको प्रयोग गर्नु जरुरी छ |**

© 2016-2024

PDF

नेपाली भाषा

GRAN ECLIPSE NORTEAMERICANO

GRANDE ÉCLIPSE NORD-AMÉRICAINE

GREAT NORTH AMERICAN ECLIPSE

ECLIPSE.org 2024